स्थानीय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८१।०८२
चलानी नम्बरः

गण्डकी प्रदेश, नेपाल

## स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ बमोजिम तहबृद्धि सम्वन्धि सूचना ॥

सूचना प्रकाशन मितिः २०८१।०९।१४

प्रस्तुत बिषयमा स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा २७ बमोजिम तपशिल बमोजिमका सर्त एवं योग्यता पुगि यस कालीगण्डकी गाउँपालिका कार्यालय वा अन्तरगत कार्यालयमा स्थायी पदमा कार्यरत कर्मचारीहरुले चार प्रति फाराम तयार गरी २०८१ पौष मसान्त भित्र कार्यालयको प्रशासन शाखामा दर्ता गर्नु हुन जानकारी गराइन्छ। साथै म्याद नाघि प्राप्त हुन आएका अपुरो बिवरण गरी पेश भएका र ऐन बमोजिम तोकिएका कागजातहरु पेश नभएका आवेदकहरुलाइ तहवृद्धिमा समेल नगराइने व्यहोरा समेत सूचित गरिन्छ ।

सर्तहरुः

१ अधिकृत स्तर छैटौ, आठौ र दशौ तह (प्राविधिक/अप्राविधिक) मा तहवृद्धिको लागि क्रमश सहायक स्तर पाचौ, अधिकृतस्तर सातौ र नवौ तहमा न्यूनतम पाँच बर्ष सेवा अवधि पुरा भएको र पाचँ बर्षको कार्यसम्पादन मूल्यांकन हुँदा औषत ९५ प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

२ स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि संभाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।

३ स्वास्थ्य सेवाका कर्मचारीहरुको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली , २०५५ बमोजिम स्तरवृद्धिका लागि न्यूनतम योग्यता पुगेको हुनु पर्नेछ ।

४ शुरु नियुक्तिको प्रमाणित प्रतिलिपी, तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित कागजात, कर्मचारी समायोजन ऐन २०७५ बमोजिम यस कार्यालयमा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि , पदस्थापना पत्रको प्रतिलिपि र कर्मचारी बैयक्तिक बिवरण समेत पेश गर्नु पर्नेछ ।